# नेपाल विद्युत् प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं

## खुला प्रतियोगितात्मक परीक्षाको लागि आवेदन फाराम भर्ने सूचना

(प्रकाशित मिति : २०७४/०८/०१ गते)

नेपाल विद्युत् प्राधिकरणअन्तर्गत अधिकृत स्तर तथा विभिन्न क्षेत्रका कार्यालयहरूमा रिक्त सहायक स्तरका देहायका पदहरूको खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ। दरखास्त फाराम ने.वि.प्रा.को वेबसाइट www.nea.org.np बाट डाउनलोड गरी A4 साईजको फोटाकपी पेपरमा प्रिण्ट गरी सम्पूर्ण विवरण भरी अन्तिम मिति २०७४/०९/०२ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०७४/०९/०९ गतेसम्म तोकिएका कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ। रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्यरूपमा संलग्न गर्नु पर्ने कागजात संलग्न नभई पेस हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### १) अधिकृत स्तर:

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | पदसंख्या | खुला/समावेशी | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्र.१०/१ | सह निर्देशक | १० | प्रशासन | लेखा | | १ | खुला १ | वाणिज्य वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा ८ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.१०/२ | प्रवन्धक | १० | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | महिला १ | इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा ८ वर्षको कार्यानुभव |
| २०७४/७५ प्र.९/३ | उप निर्देशक | ९ | प्रशासन | विविध | तथ्याङ्कशास्त्र | १ | खुला १ | तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा ६ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.९/४ | उप प्रवन्धक | ९ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | १ | खुला १ | इलेक्ट्रिकल ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तर को पदमा ६ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.९/५ | उप प्रवन्धक | ९ | प्राविधिक | मेकानिकल | | १ | खुला १ | मेकानिकल ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तर को पदमा ६ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.९/६ | उप प्रवन्धक | ९ | प्राविधिक | सिभिल | सिभिल | १ | महिला १ | सिभिल ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा ६ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.९/७ | उप प्रवन्धक | ९ | प्राविधिक | सिभिल | सर्भे | १ | खुला १ | सर्भे ईञ्जिनियरिङ्ग विषयमा स्नातक वा भुगोल विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सिनियर सर्भेयर कोर्ष पूरा गरेको वा वि.एससी.(गणित) उत्तीर्ण गरी सिनियर सर्भेयर कोर्ष पूरा गरेको र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा ६ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.९/८ | उप प्रवन्धक | ९ | प्राविधिक | कम्प्युटर ईञ्जिनियरिङ्ग | | १ | खुला १ | कम्प्युटर ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तर को पदमा ६ वर्षको कार्यानुभव |
| २०७४/७५ प्र.८/९ | सहायक निर्देशक | ८ | प्रशासन | प्रशासन | प्रशासन | १ | महिला १ | स्नातकोत्तर तह उत्तीर्ण र अधिकृत स्तरको पदमा ४ वर्षको कार्यानुभव |
| २०७४/७५ प्र.८/१० | सहायक निर्देशक | ८ | प्रशासन | लेखा | | १ | महिला १ | वाणिज्य वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा ४ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.८/११ | सहायक प्रवन्धक | ८ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | २ | खुला १, आ. ज. १ | इलेक्ट्रिकल ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तर को पदमा ४ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.८/१२ | सहायक प्रवन्धक | ८ | प्राविधिक | सिभिल | सिभिल | १ | मधेशी १ | सिभिल ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा ४ वर्षको कार्यानुभव |
| २०७४/७५ प्रा.८/१३ | सहायक प्रवन्धक | ८ | प्राविधिक | कम्प्युटर ईञ्जिनियरिङ्ग | | १ | खुला १ | कम्प्युटर ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तर को पदमा ४ वर्षको कार्यानुभव |
| २०७४/७५ प्र.७/१४ | प्रशासकीय अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | ७ | खुला ४, महिला १, आ. ज. १, मधेशी १ | स्नातकोत्तर तह उत्तीर्ण |
| २०७४/७५ प्र.७/१५ | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | | ३ | खुला १, महिला १, मधेशी १ | वाणिज्य वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७४/७५ प्रा.७/१६ | इञ्जिनियर | ७ | प्राविधिक | इलेक्ट्रिकल | इलेक्ट्रिकल | २१ | खुला ११, महिला ४, आ. ज. ३, मधेशी २, दलित १ | इलेक्ट्रिकल ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण |
| २०७४/७५ प्रा.७/१७ | इञ्जिनियर | ७ | प्राविधिक | मेकानिकल | | ३ | खुला १, महिला १, मधेशी १ | मेकानिकल ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण |
| २०७४/७५ प्रा.७/१८ | इञ्जिनियर | ७ | प्राविधिक | सिभिल | सिभिल | २२ | खुला १२, महिला ४, आ. ज. ३, मधेशी २, दलित १ | सिभिल ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण |
| २०७४/७५ प्रा.७/१९ | सर्भे अधिकृत | ७ | प्राविधिक | सिभिल | सर्भे | ३ | खुला २, दलित १ | सर्भे ईञ्जिनियरिङ्ग विषयमा स्नातक वा भुगोल विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सिनियर सर्भेयर कोर्ष पूरा गरेको वा वि.एस.सी.(गणित) उत्तीर्ण गरी सिनियर सर्भेयर कोर्ष पूरा गरेको |
| २०७४/७५ प्रा.७/२० | इञ्जिनियर | ७ | प्राविधिक | कम्प्युटर ईञ्जिनियरिङ्ग | | ४ | खुला ३, दलित १ | कम्प्युटर ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण |
| २०७४/७५ प्रा.७/२१ | जियोलजिष्ट | ७ | प्राविधिक | विविध | जियोलजी | २ | खुला १, आ. ज. १ | जियोलजी वा जियोफिजिक्स विषयमा स्नातकोत्तर तह उत्तीर्ण |
| २०७४/७५ प्रा.७/२२ | वातावरणविद | ७ | प्राविधिक | विविध | वातावरण | १ | खुला १ | वातावरण वा पर्यावरण वा वनविज्ञान वा जिवविज्ञान वा प्राणीविज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण |

### २) सहायक स्तर:

क) पद: मिटररिडिङ्ग सुपरभाईजर, तह : ५, सेवा : प्रशासन, समूह: प्रशासन, उपसमूह: प्रशासन

| विज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | समावेशी समूह | | | | | | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | |
| २०७४/७५ प्र.५/१०१ | विराटनगर | ३ | २ | – | – | १ | – | – | – | प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७४/७५ प्र.५/२०१ | जनकपुर | ३ | २ | – | – | १ | – | – | – | |
| २०७४/७५ प्र.५/३०१ | हेटौंडा | २ | १ | – | १ | – | – | – | – | |
| २०७४/७५ प्र.५/४०१ | काठमाडौं | २ | १ | – | १ | – | – | – | – | |
| २०७४/७५ प्र.५/५०१ | पोखरा | ३ | १ | – | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.५/६०१ | बुटवल | ४ | २ | – | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.५/७०१ | नेपालगंज | २ | १ | – | – | १ | – | – | – | |
| २०७४/७५ प्र.५/८०१ | अत्तरिया | १ | १ | | | | | | | |

ख) पद: लेखापाल, तह : ५, सेवा : प्रशासन, समूह: लेखा, उपसमूह:

| विज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्र.५/१०२ | विराटनगर | २ | १ | – | – | १ | – | – | – | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७४/७५ प्र.५/२०२ | जनकपुर | २ | १ | – | – | १ | – | – | – | |
| २०७४/७५ प्र.५/३०२ | हेटौंडा | १ | – | – | १ | – | – | – | – | |
| २०७४/७५ प्र.५/४०२ | काठमाडौं | १ | १ | – | – | – | – | – | – | |
| २०७४/७५ प्र.५/५०२ | पोखरा | १ | – | – | १ | – | – | – | – | |
| २०७४/७५ प्र.५/६०२ | बुटवल | १ | – | – | १ | – | – | – | – | |
| २०७४/७५ प्र.५/७०२ | नेपालगंज | २ | १ | – | – | १ | – | – | – | |
| २०७४/७५ प्र.५/८०२ | अत्तरिया | १ | १ | – | – | – | – | – | – | |

ग) पद: सुपरभाईजर, तह : ५, सेवा : प्राविधिक, समूह: ईलेक्ट्रिकल, उपसमूह: ईलेक्ट्रिकल,

| विज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्रा.५/१०३ | विराटनगर | ७ | ४ | १ | १ | – | – | १ | – | ईलेक्ट्रिकल ईञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र वा डिप्लोमा तह उत्तीर्ण |
| २०७४/७५ प्रा.५/२०३ | जनकपुर | ३ | १ | – | १ | १ | – | – | – | |
| २०७४/७५ प्रा.५/३०३ | हेटौंडा | ४ | ३ | – | – | – | १ | – | – | |
| २०७४/७५ प्रा.५/४०३ | काठमाडौं | ४ | २ | १ | १ | – | – | – | – | |
| २०७४/७५ प्रा.५/५०३ | पोखरा | ४ | २ | – | – | १ | १ | – | – | |
| २०७४/७५ प्रा.५/६०३ | बुटवल | २ | १ | – | – | – | १ | – | – | |
| २०७४/७५ प्रा.५/७०३ | नेपालगंज | २ | १ | – | – | – | १ | – | – | |
| २०७४/७५ प्रा.५/८०३ | अत्तरिया | ४ | २ | – | १ | – | १ | – | – | |

घ) पद: सुपरभाईजर, तह : ५, सेवा : प्राबिधिक, समूह: मेकानिकल, उपसमूह:

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्रा.५/४०४ | काठमाडौँ | ३ | १ | – | – | १ | १ | – | – | मेकानिकल ईञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र वा डिप्लोमा तह उत्तीर्ण |
| २०७४/७५ प्रा.५/५०४ | पोखरा | १ | – | – | १ | – | – | – | – | |

ङ) पद: सुपरभाईजर, तह : ५, सेवा : प्राबिधिक, समूह: सिभिल, उपसमूह: सिभिल

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्रा.५/४०५ | काठमाडौँ | ५ | ३ | – | – | १ | १ | – | – | सिभिल ईञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र वा डिप्लोमा तह उत्तीर्ण |
| २०७४/७५ प्रा.५/५०५ | पोखरा | १ | – | १ | – | – | – | – | – | |

च) पद: सिनियर मिटर रिडर, तह : ४, सेवा : प्रशासन, समूह: प्रशासन, उपसमूह: प्रशासन

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्र.४/१०४ | बिराटनगर | ९ | ५ | १ | १ | १ | – | १ | – | प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा १०+२ उत्तीर्ण |
| २०७४/७५ प्र.४/२०४ | जनकपुर | ८ | ५ | १ | – | १ | – | १ | – | |
| २०७४/७५ प्र.४/३०४ | हेटौंडा | ५ | २ | १ | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.४/४०६ | काठमाडौँ | ९ | ५ | १ | १ | १ | – | १ | – | |
| २०७४/७५ प्र.४/५०६ | पोखरा | ७ | ३ | २ | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.४/६०४ | बुटवल | ६ | ३ | १ | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.४/७०४ | नेपालगंज | ६ | ३ | १ | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.४/८०४ | अत्तरिया | २ | १ | – | – | – | १ | – | – | |

छ) पद: सहायक लेखापाल, तह : ४, सेवा : प्रशासन, समूह: लेखा, उपसमूह:

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्र.४/१०५ | बिराटनगर | १० | ६ | १ | १ | १ | – | १ | – | वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण |
| २०७४/७५ प्र.४/२०५ | जनकपुर | ७ | ४ | १ | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.४/३०५ | हेटौंडा | ६ | ३ | १ | १ | – | १ | – | – | |
| २०७४/७५ प्र.४/४०७ | काठमाडौँ | ५ | ३ | – | – | १ | १ | – | – | |
| २०७४/७५ प्र.४/५०७ | पोखरा | ७ | ४ | – | १ | १ | १ | | | |
| २०७४/७५ प्र.४/६०५ | बुटवल | ५ | ३ | – | १ | १ | – | – | – | |
| २०७४/७५ प्र.४/७०५ | नेपालगंज | ३ | २ | – | – | १ | – | – | – | |
| २०७४/७५ प्र.४/८०५ | अत्तरिया | २ | १ | – | १ | – | – | – | – | |

ज) पद: फोरमेन तह : ४, सेवा : प्राबिधिक, समूह: ईलेक्ट्रिकल , उपसमूह: ईलेक्ट्रिकल ,

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्रा.४/१०६ | बिराटनगर | १८ | ९ | ३ | ३ | २ | – | – | १ | ईलेक्ट्रिकल विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण |
| २०७४/७५ प्रा.४/२०६ | जनकपुर | ८ | ५ | १ | – | १ | १ | – | – | |
| २०७४/७५ प्रा.४/३०६ | हेटौंडा | १० | ६ | १ | १ | १ | – | – | १ | |
| २०७४/७५ प्रा.४/४०८ | काठमाडौँ | २१ | १२ | ३ | ३ | २ | १ | – | – | |
| २०७४/७५ प्रा.४/५०८ | पोखरा | १४ | ८ | २ | १ | २ | – | – | १ | |
| २०७४/७५ प्रा.४/६०६ | बुटवल | २ | १ | – | १ | – | – | – | – | |
| २०७४/७५ प्रा.४/७०६ | नेपालगंज | १० | ५ | २ | १ | १ | – | १ | – | |
| २०७४/७५ प्रा.४/८०६ | अत्तरिया | ५ | ३ | १ | १ | – | – | – | – | |

झ) पद: फोरमेन, तह : ४, सेवा : प्राविधिक, समूहः सिभिल , उपसमूहः सिभिल

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्रा.४/४०९ | काठमाडौँ | १ | – | – | १ | – | – | – | – | सिभिल विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण |

ञ) पद: मिटररिडर, तह : ३, सेवा : प्रशासन, समूह: प्रशासन, उपसमूह: प्रशासन

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्र.३/१०७ | बिराटनगर | ४ | २ | – | १ | १ | – | – | – | प्रवेशिका परीक्षा उत्तीर्ण |
| २०७४/७५ प्र.३/२०७ | जनकपुर | ३ | २ | – | – | – | १ | – | – | |
| २०७४/७५ प्र.३/३०७ | हेटौंडा | ३ | २ | – | – | १ | – | – | – | |
| २०७४/७५ प्र.३/४१० | काठमाडौँ | ८ | ४ | १ | १ | १ | – | १ | – | |
| २०७४/७५ प्र.३/५०९ | पोखरा | ३ | १ | – | – | १ | १ | – | – | |
| २०७४/७५ प्र.३/६०७ | बुटवल | ५ | ३ | १ | – | – | १ | – | – | |
| २०७४/७५ प्र.३/७०७ | नेपालगंज | ३ | २ | १ | – | – | – | – | – | |
| २०७४/७५ प्र.३/८०७ | अत्तरिया | ३ | १ | – | – | १ | १ | – | – | |

ट) पद: ईलेक्ट्रिसियन तह : ३, सेवा : प्राबिधिक, समूह: ईलेक्ट्रिकल, उपसमूह: ईलेक्ट्रिकल ,

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्रा.३/१०८ | बिराटनगर | ११ | ६ | १ | २ | १ | – | – | १ | ईलेक्ट्रिकल विषयमा प्राविधिक दशम कक्षा अध्ययन गरेको |
| २०७४/७५ प्रा.३/२०८ | जनकपुर | ७ | ४ | – | १ | १ | १ | – | – | |
| २०७४/७५ प्रा.३/३०८ | हेटौंडा | ६ | ३ | १ | १ | १ | – | – | – | |
| २०७४/७५ प्रा.३/४११ | काठमाडौँ | १९ | १० | ३ | २ | २ | १ | – | १ | |
| २०७४/७५ प्रा.३/५१० | पोखरा | ११ | ६ | २ | १ | १ | – | १ | – | |
| २०७४/७५ प्रा.३/६०८ | बुटवल | ९ | ५ | १ | १ | १ | – | – | १ | |
| २०७४/७५ प्रा.३/७०८ | नेपालगंज | ८ | ५ | १ | १ | – | – | १ | – | |
| २०७४/७५ प्रा.३/८०८ | अत्तरिया | ८ | ४ | २ | १ | – | – | १ | – | |

ठ) पद: जुनियर मिस्त्री तह : ३, सेवा : प्राबिधिक, समूह: मेकानिकल,

| बिज्ञापन नं. | क्षेत्र | पदसंख्या | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ प्रा.३/४१२ | काठमाडौँ | १ | १ | – | – | – | – | – | – | मेकानिकल विषयमा प्राविधिक दशम कक्षा अध्ययन गरेको |

## उक्त पदहरूको लागि:-

१) **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान** : दरखास्त फाराम ने.वि.प्रा.को वेबसाइट www.nea.org.np बाट Download गरि A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ। दरखास्त फाराम सहायक स्तरको लागि जुन क्षेत्रको पदका लागि बुझाउने हो, सोही क्षेत्रका प्राधिकरणको क्षेत्रीय कार्यालयहरू क्रमश: बिराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, नेपालगञ्ज, अत्तरियामा र अधिकृत स्तर र काठमाण्डौ क्षेत्रको सहायक स्तरको हकमा नेपाल विद्युत प्राधिकरण, तालिम केन्द्र, खरिपाटी, भक्तपुरमा बुझाउनु पर्नेछ। सबै पदहरूको पाठ्यक्रम पुनरावलोकनको कार्य भैरहेकोले दरखास्त पेस गर्ने अन्तिम मिति सम्म माथि उल्लेखित Website मा राखिनेछ।

२) **दरखास्त बुझाउने समय** : दिनको ११.०० बजे देखि ४.०० बजे सम्म।

३) **परीक्षा दस्तुर:-**

अधिकृत स्तर: तह १० को लागि रू. १,५५०।-, तह ९ को लागि रू. १,२५०।-, तह ८ को लागि रू. १,०५०।-, तह ७ को लागि रू. ९५०।- एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समूहमा सहभागी हुने भएमा प्रत्येक समूहको लागि थप रू. ३००।-

सहायक स्तर: तह ५ को लागि रू. ६२५।-, तह ४ को लागि रू. ५२५।- तह ३ को लागि रू. ४२५।- एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समूहमा सहभागी हुने भएमा प्रत्येक समूहको लागि थप रू. २००।-

परीक्षा दस्तुर काठमाडौं क्षेत्र बाहेक अन्य क्षेत्रहरूको हकमा दरखास्त दिने सम्बन्धित कार्यालयमा/कार्यालयले तोकेको बैंकमा बुझाई सक्कल रसिद (भौचर) दरखास्त साथ संलग्न गर्नुपर्नेछ। काठमाण्डौ क्षेत्रको हकमा ने.वि.प्रा. तालिमकेन्द्र, खरिपाटी, भक्तपुर कार्यालय परिसर भित्र रहेको एनएमबि बैंक लिमिटेडको काउण्टरमा ने.वि.प्रा.केन्द्रीय भुक्तानी महाशाखा नाममा रहेको चल्ति हिसाब नं. ००१००६०००१४६००००००५८ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ।

४) **उमेर**: दरखास्त दिने अन्तिम मिति सम्ममा देहाय बमोजिमको उमेर पुगेको हुनु पर्नेछ : (प्राधिकरणमा कार्यरत स्थायी/म्यादी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। )

अधिकृत स्तर: तह ७ को पदमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको। तह ८ देखि १० सम्मका पदहरूमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

सहायक स्तर: १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको।

५) नेपाल विद्युत प्राधिकरणको प्रचलित कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ। प्रशासन सेवा तह ७ का लागि आवेदन गर्न चाहने प्राधिकरणमा कार्यरत कर्मचारीहरूको न्युनतम शैक्षिक योग्यता सोही विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

६) **परीक्षाको किसिम**: लिखित र अन्तर्वार्ता।

७) **निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदबार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ** :

(क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपी

(घ) विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारहरूको हकमा समकक्षताको प्रतिलिपि।

(ङ) देहाय बमोजिमका पदका लागि देहाय बमोजिमका थप प्रमाणपत्रका प्रतिलिपि :

(अ) प्राविधिक सेवा अन्तर्गतका अधिकृतस्तरका इलेक्ट्रिकल/मेकानिकल/सिभिल/कम्प्युटर जस्ता इञ्जिनियरिङ्ग पदका लागि नेपाल इञ्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्र।

(आ) शीप परीक्षणका आधारमा आवेदन गर्नेहरूका लागि सम्बन्धित विषयको शीप प्रमाणपत्र। (प्राविधिक शिक्षा तथा व्यवसायित तालिम परिषद (CTEVT) बाट प्राप्त गरेको सीपको तह एक, दुई र तीनले क्रमश तीन, चार र पांच तहका सम्बन्धित विषयको पदमा दरखास्त दिन सकिने।)

८) **कार्य अनुभव आवश्यक पर्ने अधिकृत स्तरका पदका लागि कार्यानुभवका सम्बन्धमा निम्नानुसार हुनु पर्नेछ** :

देहायबमोजिमको निकायको सम्बन्धित क्षेत्रको कार्य अनुभव पेस भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा मात्र त्यस्तो सेवालाई मान्यता दिइनेछ :- (क) **निजामती तथा अन्य सरकारी निकाय**, (ख) **नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था**, (ग) **बिकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति**, (३) **बिशेष ऐनद्वारा स्थापित संस्था वा निकाय**, (ङ) **संयुक्त राष्ट्र संघ, यसका अंग तथा बिशिष्टिकृत निकाय**, (च) **अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु**, (ज) **विश्वविद्यालयका आंगिक क्याम्पस**, (झ) **सामुदायिक विद्यालय**।

- माथि उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेस गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको एकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

( बाँकी पृष्ठ १४ मा )

**( पृष्ठ १३ को बाँकी )**

- कुनै एक सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधि भित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।
- नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा (पार्ट टाईम) काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।
- एक वर्ष भन्दा कम अवधीको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिनेछैन।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मूकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिनेछैन।

९) तलब र सुविधाः नेपाल विद्युत् प्राधिकरणको नियमानुसार।

१०) कार्य गर्नु पर्ने स्थानः अधिकृत स्तरका पदहरूको लागि नेपाल राज्यभर। सहायक स्तरका पदहरूको लागि फाराम बुझाएको क्षेत्र अन्तर्गतका विभिन्न कार्यालयहरू। ने.वि.प्रा. कर्मचारी सेवा विनियमावली, २०६२ (संशोधन सहित) को विनियम १५(३) अनुसार क्षेत्रीय स्तरबाट नियुक्ति भएका कर्मचारीलाई ७ (सात) वर्षसम्म सो क्षेत्र भित्रका कार्यालय बाहेक अन्यत्र सरूवा गरिने छैन। तर महिला र अपाङ्ग कर्मचारीको हकमा ५ (पाँच) वर्ष पूरा भएपछि अन्य क्षेत्रमा सरूवा गर्न सकिनेछ।

११) पदले गर्नु पर्ने कामः सम्बन्धित सेवा, समूह र उपसमूहले गर्नु पर्ने कार्यहरू।

१२) परीक्षणकालको अवधि : १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र।

१३) दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिने छ।

१४) उल्लेखित पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सम्बन्धित क्षेत्रमा हुनेछ र सबै क्षेत्रको एउटै पदको लिखित परीक्षा एकै दिन सञ्चालन हुन सक्नेछ।

१५) लिखित परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ।

१६) विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।

१७) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन।

१८) समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरूले निम्न बमोजिमका कागजातहरू समेत अनिवार्य रूपमा दरखास्त साथ संलग्न गरी पेस गर्नु पर्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सुचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिको हकमा सोही सुचिको आधारमा, तर नेपाल राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि।

(घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको पत्रको प्रतिलिपि।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको पत्रको प्रतिलिपि।

१९) एउटा पदको लागि खुला र समावेशी तर्फका विभिन्न समूहमा समेत आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नु पर्नेछ। तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेशपत्रमा खुला र समावेशी समूह मध्ये जुन-जुन समूहको परीक्षामा समावेश हुने हो सो अनुसार तोकिए बमोजिम चिन्ह लगाउनु पर्नेछ।

**सदस्य-सचिव**
**नियुक्ति सिफारिस समिति**